## निजी आवास पुनर्निमाणको लागि अनुदान सम्झौता सम्बन्धि प्रेस विज्ञप्ति

(२०७३ जेष्ठ ३१ सम्मको)

भुकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये देहाय बमोजिमका ११ वटा जिल्लाहरुमा निजी आवास पुनर्निमाणका लागि यही २०७३ जेष्ठ ३० गतेसम्म ८०,०२२ घरधुरीहरुसंग अनुदान सम्झौता सम्पन्न भएको छ । प्रथम चरणमा बैंक तथा वित्तिय संस्थाहरुको कार्यालयहरु भएको ठाउहरु जम्मा १८७ गा.वि.सहरुमा करिव १,७१,००० लाभग्राहीहरुलाई समेटने गरी तत्काल बैंकिङ्ग सुविधाहरु उपलब्ध गर्ने गराउने वा सो सम्वन्धमा आवश्यक व्यवस्थापन गर्ने वारेको केन्द्रीयस्तरमा भएको समभ्रदारी सम्झौता जिल्ला आयोजना कार्यान्वयन ईकाइहरुमा परिपत्र गरी पठाई सकिएको छ । यसवाट अनुदान भुक्तानी पाउने लाभग्राहीको संख्यामा उल्लेख्य प्रगती हुने विश्वास मन्त्रालयले लिएको छ । साथै अनुदान सम्झौता सम्बन्धी कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न सम्बन्धित जिल्लाका स्थानीय विकास अधिकारीहरु र गा.वि.स सचिवहरुलाई निर्देशन दिइएको छ ।

जिल्लागत प्रगति विवरण:

| सि.नं | जिल्ला | लाभग्राही संख्या | अनुदान सम्झौता सम्पन्न घरधुरी संख्या | प्रथम किस्ता भुक्तानी घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | दोलखा | ५१,७४९ | १५,५९४ | १२३७ |
| २ | धादिङ्ग | ४८७७३ | ३,२६३ | |
| ३ | नुवाकोट | ६५७७२ | १,०६० | |
| ४ | गोरखा | ५८५०३ | १६,६६० | ७६५ |
| ५ | सिन्धुपाल्चोक | ७८४८४ | ५,७३५ | २ |
| ६ | मकवानपुर | १३८४८ | ७५ | |
| ७ | काभ्रेपलाञ्चोक | ५०७३४ | १,१३४ | |
| ८ | रामेछाप | ४३६०७ | ३४,२९९ | |
| ९ | सिन्धुली | ३४२५३ | १,१०० | |
| १० | ओखलढुङ्गा | १९८१८ | १४,२०२ | |
| ११ | रसुवा | ७४७१ | १,१०० | |
| | जम्मा | ४,७३,०१२ | ९४,१५७ | २००४ |

(रेश्मिराज पाण्डे)
सहसचिव एवं प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ जेष्ठ ३२ मंगलवार